जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १५६ पृष्ठ: ४ **२०८३ असोज २६ सोमबार** (Monday 12 Oct. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

चाडपर्वमा सरकारी अधिकारीलाई दशैं भेटी संस्कार ! प्रहरी प्रशासनकै मिलेमतोमा व्यापक तस्करी

मुकेशकुमार यादव

सिरहा, २५ मंसिर। दशैं-तिहार नजिकिँदै गर्दा सिरहामा अवैध कारोबारमा संलग्न तथा ऋसर सञ्चालकहरुको समूहले सरकारी तथा सुरक्षा निकायका प्रमुखहरूलाई 'दशैं भेटी' चढाउने गरेको पाइएको छ। सीमा नाकामा तस्करीमा संलग्न व्यक्ति तथा अन्य अवैध कारोबार गर्नेहरूले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरीका प्रमुखसहित सम्बन्धित निकायका अधिकारीलाई चाडपर्वको नाममा रकम बुझाउने गरेको पाइएको हो। सिरहामा जम्मा ४६ किलोमिटर खुल्ला सीमानाकामा व्यापक प्रहरी परिचालन गरिए पनि तस्करि नियन्त्रण हुन नसक्नुले पनि प्रहरि प्रशासनकै मिलोमतो रहेको पुष्टि गर्छ।



नेपालबाट भरततर्फ मदिरा, चाइनिज स्याउ,मटर तस्करी गर्ने र भारतीय बजारबाट खाद्यान्न सामाग्री, स्पेयर्स पर्टस, लागु औषधलगायतका सामग्री तस्करी गरी नेपाल भित्र्याउने ठुलोदेखि सानो तस्करहरुले जिल्ला मातहतका सबै इलाका तथा प्रहरी बिटसम्मका समेत बाध्य भई दशै खर्च बुझाउनुपर्ने तस्करहरु नै बताउँछन्। तस्कर मात्र नभई सिरहामा अवैध रुपमा बिना नवीकरण तथा मापदण्ड नपुगेका ऋसर व्यवसायीहरु र जिल्लाको सिरहा, माडर बजार, लाहन, गोलबजार, मिर्चैयालगायतका बजारमा रेष्टुरेन्टको नाममा देह ब्यपार चलाउनेहरुले समेत सम्बन्धित निकायलाई दशै भेटी चढाउनु पर्ने बाध्यता रहेको उनीहरुको भनाइ छ।

तस्करहरूले प्रहरी प्रशासनको ओहदा अनुसारको दशै खर्च बुझाउने गरेको स्रोतको दाबी छ। नेपाल प्रहरी, सशस्त्र प्रहरीले सादा पोसाकमा खटाइएको प्रहरीहरुमार्फत दशै खर्चको नाममा अवैध रकम असुली गर्ने गरेको नाम उल्लेख नगर्ने सर्तमा सिरहा नामुद

-बाँकी तीन पेजमा

नगरप्रमुख चौधरीद्वारा दुर्गा मन्दिरको उदघाटन



जीवछ यादव

लहान, २५ असोज। लहान नगरपालिका ७ स्थित रहेको पुरानो मन्दिरको ठाउँमा नवनिर्मित दुर्गा मन्दिर निर्माण गरी आज घटस्थापनाको दिनदेखि पुजा सुरु भएको छ। लहानको मुख्य बजारमा नौ दशकदेखि पूजापाठ र मेला आयोजना हुँदैआइरहेको छ।

चार करोड ७० लाख रुपियाँमा लहान नगरपालिकाको लगानीमा उत्तराखण्ड एण्ड कन्सट्रक्सनले दुई वर्षमा निर्माण कार्य सम्पन्न गरेपछि

-बाँकी चार पेजमा

सरकारी बेवास्ताले थलिँदै जनकपुरको प्रादेशिक अस्पताल

सुभाष कायस्थ

जनकपुरधाम, २५ असोज। सर्पदंशबाट महेश यादवको मृत्यु प्रकरणले जनकपुरधामस्थित प्रादेशिक अस्पताल विवादमा तानिएको छ। घटनालाई लिएर अस्पतालको उपचार प्रणालीमाथि आलोचना भइरहेका बेला सीमित आईसीयू बेड, दक्ष स्वास्थ्यकर्मीको अभाव र कमजोर पूर्वाधारका कारण गम्भीर बिरामीको उपचारमा चुनौती रहेको तथ्य सार्वजनिक भएको छ।



जनकपुरधाम उपमहा नगरपालिका-१४ निवासी यादवको उपचारमा लापरवाहीको कारण मृत्यु भएको भनी विवादमा तानिएको छ। तर अस्पताल प्रशासन र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले उपचारमा कमी होइन स्रोत साधनको आभाव रहेको स्पष्टीकरण दिएका छन्। उनीहरूले उपलब्ध स्रोतसाधन प्रयोग गरेर उपचार गरिएको दाबी गर्दै आईसीयू बेड खाली नभएकाले यहाँ उपचार नगरिएको भनेका छन्।

अस्पताल प्रशासनले आइसीयू बेड अन्य गम्भीर बिरामीलाई

-बाँकी चार पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तर ता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

सिरहामा आगलागीको जोखिमः सतर्कता कहिले?

सिरहामा विद्युतीय तार सर्ट भएर भएका आगलागीका घटनाले जनधनको सुरक्षामाथि गम्भीर प्रश्न खडा गरेका छन्। गोलबजार नगरपालिका–३ को जमदह चोरपाने र विष्णुपुर गाउँपालिका–४ को बथान टोलमा भएका छुट्टाछुट्टै आगलागीमा चार पशुचौपाया जलेर मरेका छन्। अन्नपात, भाँडावर्तन तथा घरगोठमा क्षति पुगेको छ। यसैबीच धनगढीमाई नगरपालिका–१०, श्यामपुरमा पार्किङ गरी राखिएको विंगरमा आगलागी हुँदा करिब दुई लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको छ।

विष्णुपुरको बथान टोलमा स्थानीय वीरेन्द्र यादवको गोठ र भान्साघरमा आगलागी हुँदा दुई गोरु र एक भैंसी मरेका छन्। घटनामा करिब पाँच लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ। गोलबजारको चोरपानेमा गंगाबहादुर सुनुवारको घरगोठमा आगलागी हुँदा एउटा गोरु मरेको छ भने अर्को घाइते भएको छ। त्यहाँ करिब एक लाख ८० हजार रुपैयाँ बराबरको क्षति भएको छ। यी घटनाले ग्रामीण क्षेत्रमा विद्युत् सुरक्षा र आगलागी नियन्त्रणको तयारी कमजोर हुँदा किसानले ठूलो नोक्सानी बेहोर्नुपर्ने अवस्था उजागर गरेका छन्।

किसानका लागि पशुचौपाया केवल सम्पत्ति होइनन्, जीविकोपार्जनका आधार पनि हुन्। एउटा पशु गुमाउनु भनेको वर्षौंको मेहनत, आम्दानी र परिवारको भविष्यमा चोट पुग्नु हो। आगलागीले घरगोठसँगै अन्नपात र दैनिक उपभोगका सामग्री नष्ट गर्दा पीडित परिवार थप आर्थिक संकटमा पर्न सक्छन्। त्यसैले यस्ता घटनालाई सामान्य दुर्घटना ठानेर बेवास्ता गर्नु उचित हुँदैन।

विद्युतीय तार, मिटर र जडानमा देखिने कमजोरीले आगलागीको जोखिम बढाउन सक्छ। पुराना तथा जीर्ण तार समयमै फेर्ने, क्षमताभन्दा बढी विद्युतीय उपकरण नचलाउने, सुरक्षित मिटर जडान गर्ने र घरगोठमा विद्युत् जडान गर्दा दक्ष प्राविधिकको सहयोग लिने बानी बसाल्नुपर्छ। स्थानीय तह, विद्युत् प्राधिकरण र सुरक्षा निकायले गाउँगाउँमा जनचेतना अभियान सञ्चालन गर्नुपर्छ। आगो निभाउने उपकरण, पानी र आवश्यक उद्धार सामग्रीको व्यवस्था पनि हुनुपर्छ।

धनगढीमाईमा विंगरमा लागेको आगोको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको छ। अनुसन्धानबाट वास्तविक कारण पहिचान गरी आवश्यक सुरक्षा उपाय अपनाउनुपर्छ। आगलागीपछि राहत र क्षतिपूर्तिको व्यवस्था गर्नुका साथै भविष्यमा यस्ता घटना दोहोरिन नदिन पूर्वतयारीमा जोड दिनु आवश्यक छ। जनधनको सुरक्षा संयोगमा होइन, सचेतना, जिम्मेवारी र प्रभावकारी व्यवस्थापनमा निर्भर हुन्छ।

दशैं–तिहारमा घर फर्किँदै नेपाली, रोजगारीको बाध्यता उस्तै

नेपालगञ्ज, २५ असोज। रोजगारीका लागि भारतका विभिन्न सहर पुगेका नेपालीहरू दशैं–तिहार मनाउन घर फर्किन थालेका छन्। परदेशको कमाइसँगै चाडपर्वको खुसी बोकेर स्वदेश फर्किने नेपालीका कारण सीमा नाकामा चहलपहल बढेको छ। तर, भारत जानु उनीहरूको रहरभन्दा पनि बाध्यता बनेको छ। दशैं–तिहार नजिकिएसँगै भारतका विभिन्न सहरमा रोजगारी गर्दै आएका नेपालीहरू घर फर्किने क्रम बढेको छ। बाँकेको जमुना नाकाबाट दैनिक पाँच हजार बढी नेपाली स्वदेश फर्किए रहेका छन्। वर्षभरि परिवारबाट टाढा रहेकाहरू चाडपर्वमा भने आफ्नै घर फर्किएर परिवार र आफन्तसँग खुसी साट्न चाहन्छन्। लामो समयपछि गाउँको आँगन टेक्ने उत्साह उनीहरूको अनुहारमा प्रस्ट देखिन्छ। रोजगारीका लागि भारत जानुपर्ने बाध्यता धेरै नेपालीको साझा कथा हो।

स्वदेशमै पर्याप्त रोजगारीको अवसर नहुँदा परिवारको खर्च धान्न भारत जानुपर्ने उनीहरू बताउँछन्। तर, हरेक वर्ष चाडपर्वमा घर फर्किएर फेरि रोजगारीका लागि परदेशिनुपर्ने बाध्यता कहिलेसम्म दोहोरिरहने भन्ने प्रश्न पनि छ। देशमै रोजगारीको अवसर सिर्जना भए परिवारबाट टाढिएर परदेशिनुपर्ने बाध्यता अन्त्य हुने उनीहरूको अपेक्षा छ।भारतबाट घर फर्किने नेपालीहरूको चाप बढेसँगै सीमावर्ती क्षेत्रका बजार, यातायात र होटल व्यवसायमा समेत आर्थिक गतिविधि बढाउन सहयोग पुग्याएको छ। चाडपर्वको समयमा बढ्ने यस्तो गतिविधिले स्थानीय बजारलाई चलायमान बनाउन सहयोग पुग्याउँछ।

परदेशमा वर्षभरि पसिना बगाए पनि चाडपर्वले नेपालीलाई आफ्नै माटो र परिवारतर्फ फर्काउँछ। दशैं–तिहारमा उनीहरूको गन्तव्य बन्छ– आफ्नो देश, आफ्नै सहर र आफ्नै गाउँ। तर, चाडपर्व मनाएर फेरि परदेश फर्किनुपर्ने बाध्यता अन्त्य गर्न स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने चुनौती भने राज्यसामु कायमै छ।

प्रकृतिको चेतावनीबिच सद्भावको स्वर

सहिष्णुताको विरासत जोगाउँदै सामाजिक एकता तथा प्रकृति संरक्षण गर्नु आजको आवश्यकता हो।

विपुलेन्द्र चक्रवर्त्ती

अध्यक्ष महोदय तथा मदन पुरस्कार गुठी परिवार, पुरस्कृत प्राज्ञहरू तथा यहाँ समुपस्थित मैले मान्नुपर्ने र माया गर्नुपर्ने सबै आफन्तहरू।

प्रारम्भमै मदन पुरस्कार गुठीकी संस्थापिका नेपालकी सम्मानित बुहारी रानी जगदम्बाको अमर स्मृतिलाई सादर प्रणाम गर्न चाहन्छु। साथै, बालरोगको खड्गो काट्न नसकी अकालमै 'कुटिल कालको कराल गालमा परी' थला पर्ने र थन्किने प्रशस्त साहित्यिक संस्थाहरू हाम्रो देशमा भएको गाह्रो–साह्रो परिवेश र परिस्थितिमा यस गुठीलाई हुर्काउने संकल्पलाई विश्राम नदिने श्रद्धेय व्यक्ति, जसलाई भेट हुँदा विनोदप्रिय भाव र भाषामा मैले 'कलम मणि दादा' सम्बोधन गर्ने गरेको कमलमणि दीक्षितको अमर आत्मालाई पनि ढोग्न चाहन्छु। पुरस्कृत प्राज्ञको जोडीलाई हार्दिक बधाई अर्पण गर्दै व्यक्तिबाट राष्ट्रको सार्वभौम सम्पत्तिमा रूपान्तरित यी प्रतिभाहरूबाट हाम्रो मानस पनि सुदीर्घकालसम्म अझ बढी लाभान्वित भइरहोस् भनी शुभकामना समेत दिन चाहन्छु।

यस गुठीका सचिव श्री दीपक अर्यालले भदौ २१ गते विद्वत् प्रवचनको लागि प्रेषित पत्र प्राप्त भएपछि मलाई सौभाग्य र संशयले एकसाथ स्पर्श गरेको अनुभूति भयो। सौभाग्य यस मानेमा कि नेपाल खाल्डोबाहिर बसोबास गर्ने मोफसलको नेपालीले यो अवसर पायो। तर, पूर्वोक्त पत्रमा उल्लिखित वाक्य मेरो 'अनुभव, ज्ञान र विद्वताबाट यो गुठी परिवार, समारोहमा उपस्थित महानुभावहरू तथा समस्त नेपाली समाज लाभान्वित हुनेछ' ले मलाई संशयमा पारेकै हो किनभने मेरो विचारमा यो एउटा साधारण व्यक्तिबाट गरिएको असाधारण अपेक्षा हो।

आजभन्दा ठीक एक वर्ष अगाडि अर्थात् संवत् २०८२ साल आश्विन २६ गते आइतबारको अपराह्न यसै सभाकक्षमा सम्पन्न यी पुरस्कार–समर्पण समारोहमा अध्यक्ष महोदयले गर्नुभएको स्वागत भाषणको प्रथम प्रकरणको म यहाँ उल्लेख गर्ने अनुमति चाहन्छु। यहाँले २०८२ भदौ २३ र २४ गते पछिल्लो पुस्तालेगरेको 'आन्दोलनका क्रममा दिवङ्गत सबैप्रति हार्दिक श्रद्धाञ्जली' र 'शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना' व्यक्त गर्दै 'आन्दोलन, परिवर्तन र बाढी–पहिरो पछिको यो समयले प्रकृति र पर्यावरणलाई हामी जिउने मुख्य आधार मान्न' एवं 'अझ उन्नत तर संवेदनशील समाज निर्माण गर्ने आधार खडा गरोस्' भनी शुभाभिव्यक्ति गर्नुभएको थियो। तर, दुःखको कुरा आज यहाँ बोल्नुपर्दा मैले पनि यिनै शब्द र शैलीलाई फेरि दोहोऱ्याउनुपर्ने अवस्था विद्यमान रहेको ठानेको छु।

गत साउन १० गते कोशी प्रदेशको देवानगञ्ज गाउँपालिका अन्तर्गत कप्तानगञ्जमा साम्प्रदायिकताको आगो सल्क्यो। चार जना खाइलागदा युवकहरूको ज्यान गयो। धेरै घाइते भए। आगलागी, लुटपिटलगायतका विध्वंसका गतिविधिहरूको ताप र राप नारायणी नदीको तटसम्म पुग्यो। अन्ततः गत वर्षजस्तै सेना सडकमा ओर्ल्यो र व्यापक रूपमा समाजमा परिचालित भएपछि स्थिति तत्काललाई शान्त भयो। राष्ट्रिय होइन अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रमुखता पाउने, देशको शिर निहुरिने यस्तो घटनाको पुनरावृत्तिलाई किन रोक्न सकिँदैन?

कोशी प्रदेशको एउटा गाउँको मानिसको मति बिग्रिएको कारणले भोग्नुपरेको सन्त्रास शान्त नहुँदै त्यसको ठीक एक महिना पछि भदौ १० गते भोटेकोशी तटवर्ती क्षेत्रमा जल र थलको गति बिग्रियो र यसको परिणामस्वरूप आएको महाप्रलय नेपाली मात्रको कहिल्यै निको हुन नसक्ने घाउ बनेर भित्रसम्म गढेको छ। नेपालको मानिसको मति र नेपालको माटोको गतिको कारुणिक कथा अहिले हाम्रो राष्ट्रिय जीवनको कटु यथार्थ हुन पुगेको छ। यस विषयमा गुरु–गम्भीर विवेचना अनिवार्य भएको छ।

मैले एकाधिक पटक विद्वद् भेलामा भन्ने साहस गरेको छु– नेपाली सामाजिक सद्भावका आधार हामीले कहिल्यै बिर्सनु हुँदैन। आर्य–अनार्य, शाक्त–शैव, वैष्णव–शैव, बौद्ध–सनातनी जस्ता भेदलाई चिर्दै मानवीय करुणा र कल्याणका लागि समता र समावेशी शैलीलाई नेपाली समाज र संस्कृतिले धेरै पहिलेदेखि अङ्गीकार गरेको छ। पूर्वमा कोशी प्रदेशको विजयपुरको बुढासुब्बा, खाँदबारीको मङ्गलादेवीदेखि गोर्खाको मनकामना माई हुँदै पश्चिममा दाङको बाह्रकुने तालस्थित बराह मन्दिरसम्म नेपालका धेरै मन्दिरमा मगर पुजारी छन्। गण्डकी प्रसवण क्षेत्रका पुराना कोटमा बडा दशैंको पर्वमा कालरात्रिको मध्यरातमा मगर पुजारीले माँ कालीलाई भातको जाँड चढाइसकेपछि ब्राह्मण पुरोहितले सङ्कल्प वाक्य पाठ गरेर कालरात्रिको भोग दिइन्छ। काठमाडौँ सेरोफेरोको साँखु वज्रयोगिनी माई, गुह्येश्वरी माई र दक्षिणकाली माईमा तान्त्रिक विधिका पुजारीले र बारा जिल्लाको गढीमाईका थारू पुजारीले अन्यको निधारमा टीका लगाइदिन्छन् र सबैले यी पुजारीबाट आशीर्वाद थाप्छन्। त्यस्तै हाम्रै मधेशमा दुषाद भनी कुनै बेला हेला र होचो गरिने सम्प्रदायको सलहेशको मन्दिरमा सबैले पूजा वा प्रणाम गर्छन्।

मुक्तिनाथको पवित्र धारामा सनातनी र बौद्धसँगै नुहाउँछन् किनभने आफ्नो आराधना र आस्थाको प्रतीक एकै ठाउँ भेट्छन्। त्यहाँको नित्य पूजाको काम भोटेनी झुमा र पहाडी सुवेदी बाहुनले मिलेर गर्छन्। एकातिर मिथिलाको इतिहास र संस्कृतिसित गाँसिएको छठ पर्व आज हाम्रो देशभरि नै सबैको व्यापक सहभागितामा मनाउने राष्ट्रिय पर्वको रूपमा रूपान्तरित भएको छ भने, मिथिला परिक्रमाको पुण्य लाभ गर्न मधेशीजन बाहेकको उपस्थिति बढ्दै जानु पनि धार्मिक आधार र आस्थाको बलियो उदाहरण हो।

धर्म व्यक्तिको निजी मामिला हो भन्ने भावनाको विकास हुनेखाने नेपालीले हुँदाखाने नेपालीलाई उपदेशको साटो उदाहरणबाट बुझाउन सके हाम्रो नेपालमा सम्प्रदाय निरपेक्षताको भावना बलियो हुन्छ र यसले अन्ततोगत्वा राष्ट्रिय अखण्डता र एकतामा बल पुग्याउँछ। पक्कै पनि धर्म निजी मामिला भएकै फलस्वरूप राजा मानदेव विष्णुमार्गी थिए, उनकी रानी र छोरी थिइन् क्रमशः शिवमार्गी र शक्तिकी उपासिका। विष्णुमार्गी राजा मानदेवले त बुद्ध विहार पनि बनाएका थिए। अझ पशुपति परिसरस्थित हरिशङ्करको मन्दिरले शिव र विष्णु अर्थात् शैव र वैष्णवको संयुक्त एकात्मतालाई मूर्तरूप दिएर सम्प्रदाय निरपेक्षतालाई झन् सार्थक तुल्याएको छ। त्यस्तै सुम्निमा र पारुहाङको लोकगाथाले आर्यपुत्री पार्वती र किराती शिवको वैवाहिक प्रसङ्ग मात्र होइन बरु यसले शिव अर्थात् देवाधिदेव महादेवको कुनै जात र गोत्र हुँदैन भन्ने तथ्य तर्फ हाम्रो ध्यानाकर्षण गराउँछ।

मल्ल राजाहरूको शासनकालमा भारतको बिहार राज्यको पटनाबाट तिब्बत जाने इसाई धर्मप्रचारकहरू काठमाडौँको बाटो प्रयोग गर्थे। तत्कालीन शासकहरूबाट संरक्षण प्राप्त हुँदा यिनीहरू नेपाल खाल्डोमा स्थायी रूपले बसे। पृथ्वीनारायण शाहको उदयपछि सिन्धुली गढीको लडाइँमा यिनीहरूको शङ्कास्पद भूमिका पश्चात् केही इसाई धर्मप्रचारक नेपालबाट विना रक्तपात बाहिरिए। यस क्रममा कुनै पनि धार्मिक वा सामाजिक संरचना उपर आक्रोश पोखिएन, आक्रमणको कुरा त परै रह्यो। पुनर्जागरणपूर्वको युरोपमा आस्था र धर्मको कारणले सोक्रेटिसले विषपान गर्नुपरेको, जेसस क्राइस्टले सूलीमा चढ्नु परेको, अमेरिकामा आक्रमण गरी मय संस्कृतिलाई समाप्त पार्न खोजेको जस्तो असहिष्णुताबाट हाम्रो देश परै थियो भन्न पाउँदा मलाई खुसी लाग्छ।

त्यस्तै मल्लकालमा नै राजा रत्न मल्लका प्रतिनिधिसँग सोह्रौं शताब्दीको प्रारम्भतिर व्यापारको क्रममा लद्दाखको बाटो तिब्बत पसेर र बसेर आएका काश्मीरका मुसलमान व्यापारीसँग ल्हासामा भेट भएपछि केही व्यापारीलाई काठमाडौँमा बस्न दिइयो। पछि बाइसे–चौबिसे राजाका पालामा बन्दुक र बारुद बनाउन र त्यसको प्रविधि सिकाउन पश्चिम पहाडमा प्रवेश भयो। पृथ्वीनारायण शाह बनारसबाट फर्कंदा पनि बन्दुक र बारुदका केही मिस्त्रीलाई साथै ल्याए। केही मुसलमान व्यापारीहरू 'चुरौटे समुदाय'का रूपमा पश्चिम पहाडको नेपाली समाजमा समाहित भएर बसेका छन्। यी बाहेक मधेशमा बस्ने मुसलमानहरू अरू सम्प्रदायको समाजजस्तै खेती र व्यापार गरी यहाँ बस्न थाले। एकातिर मदरसा र मस्जिदतर्फ इस्लाम–इतर समुदायले कुनै चासो र चियो गर्नुपर्ने कुनै कारण नै उत्पन्न भएन किनभने गो–हत्या बाहेक आफ्नो साम्प्रदायिक गतिविधिमा यो समुदायले पनि इसाईहरूले जस्तै स्वतन्त्रता उपभोग गरेकै थिए। मैले निवेदन गरेका यी केही दृष्टान्तबाट नेपाली समाजमा रहेको सहिष्णुताको विरासत विषयलाई स्पष्ट पार्न खोजेको हुँ।

नवलपरासीको दाउन्ने डाँडामाथि मुसलमान सन्त मदारनाथको समाधिस्थल छ जहाँ मुसलमान र सनातन धर्मावलम्बी विना भेदभाव प्रणाम र प्रार्थना गर्न पुग्छन्। विशेष गरी सन्तान नभएका स्त्री–पुरुष सन्तान प्राप्तिका लागि यहाँ दर्शन गर्न जाने गर्दछन्। यस्तो सद्गुण र सद्व्यवहारको सिको र सराहना देशको अन्यत्र पनि हुनुपर्ने होइन र? त्यसैले आजको शुभ साइतमा हामी सङ्कल्प गरौं –

हिन्दू, मुसलमान, बौद्ध, सिख, इसाई, जैनी यी सबै हुन् आफ्नै दाजु, भाइ, दिदी बैनी,
मन्दिर, मस्जिद, गुम्बा, गिर्जा, गुरुद्वारा यी सबै हुन परमेश्वरुवरूपकै स्थान प्यारा
भोट, हिमाल, पहाड, भित्री मधेश र मधेश यी सबै हुन् हाम्रो नेपाल स्वदेश।

एउटा प्रश्न फेरि आउँछ। पूर्वोल्लिखित ज्ञान–गुणका आदर्शका हामी हकदार हौं भने किन बल्झिन्छ यस्तो साम्प्रदायिकताको घाउ? संवत् २००७ को परिवर्तन पूर्व नेपाल बनाउने वा बिगार्ने हक एउटा सीमित वर्गमा मात्र निहित थियो। त्यसपछि हामीले यो हक पाउँदा यसको उपभोग र उपयोग वास्तवमा सर्वसाधारणले गर्न पाएनन्। जसले पाए ती पनि यसतर्फ समर्पित भएनन्। जनतालाई दिग्भ्रमित तुल्याउने कार्य भयो। त्यसैले हामी हुनेखाने नेपालीले पूर्वोक्त शिव सङ्कल्पको आदर्शलाई व्यवहारमा परिणत गरौं। हामी भगवान् रु बुद्धका सन्तान हाम्रै दाजुलाई बुद्ध बनाउने कार्य नगरौं। राज्यले पनि सबै धर्म सम्प्रदायको नाममा रहेका धार्मिक तथा सामाजिक संस्थाका गतिविधिलाई सर्वसाधारणसमक्ष छर्लङ्ग पारोस्। जात, जाति होइन नेपाली जातीयताको निर्माण गरौं। त्यसो भए गत साउन १० गतेको जस्तो नेपालको मानिसको मति बिग्रिने घृणित घटनाको नियन्त्रण अवश्य नै सम्भव छ।

पुनः नेपाली माटोको विनाश प्रसङ्गको चर्चा गरौं। अलौकिक भगवान–भगवतीको पूजा र प्रार्थना मात्र होइन हाम्रो समाजमा

–बाँकी तीन पेजमा

प्रकृतिको...

लौकिकताले पनि जरो गाडेको छ। हाम्रो प्राकृतिक संरचनाले हामीलाई आकाश, आगो, जल, जमिन, जङ्गल र वायुको पनि पूजा र प्रार्थना गर्ने परम्परा र प्रथालाई प्राचीनकालदेखि नै अङ्गीकार गरेकोले हामी असल हुने, हामीबाटै ईश्वर सिर्जना गर्ने र त्यही ईश्वरबाट आशीर्वाद थाप्ने संस्कारको विकास भएको छ। हामी सबैले हाम्रो समाजको यस लौकिक मान्यता र मूल्यलाई जगेर्ना गर्न सके प्रकृति र वातावरण संरक्षणमा ठूलो बल पुग्ने देखिन्छ।

यस सन्दर्भमा आजभन्दा पुगनपुग सात दशक अगाडिको मेरो बालककालको एउटा प्रसङ्ग प्रस्तुत गर्ने अनुमति चाहन्छु। देवानगञ्जमा मेरो हजुरबाले जीवन बिताउनु र बिसाउनुभएको हो। मेरो बुवाको कर्मक्षेत्र देवानगञ्ज दक्षिण सुनसरीको इनरूवा थियो। म हुर्केको त्यहीँ हो। हिउँदको याममा सुनसरी खोला पारी भोक्राहा गाउँमा एउटा सन्तको धार्मिक प्रवचन सुन्न एक दिन बुवाले लिएर जानुभयो। सन्तलाई ढोगेर भुइँमा ओछ्याइएको सप्तरञ्जीमा पलेटी कसेर बसेँ। प्रवचनको क्रममा सन्तले सबैभन्दा कान्छो श्रोता मलाई नै ठूलो भएपछि काम लाग्ने केही कुरा टिप्न लगाउनुभयो। न कलम, न कागज, कसरी टिप्ने? मेरो लागि बुवाले नै टिप्नु भयो सन्तोपदेश। फर्कने बेलामा बालसुलभ रूपले बुवालाई भनेँ- साधुबाबाले भन्नुभएको मैले केही बुझिनँ। बुवाले भन्नुभयो अहिले लेखिराख्नु, याद गर्नु, ठूलो भएपछि बुझ्छस्।

त्यसमा गाउँ-घरको गृहस्थाश्रमलाई जोगाउन गुरु, गौरी, गाई र गीत तथा गाउँघरको समग्र संरक्षणका लागि गगन, गिरि र गङ्गाको अनिवार्य आवश्यकताको ज्ञान-मन्त्र लेखिएको थियो। आज मेरो बुवा र मेरो साधुबाबा दुवै यस संसारमा नभएको बेला पछाडि फर्केर हेर्दा 'ग' वर्णबाट प्रारम्भ हुने सात शब्दको त्यो मन्त्रको महत्त्व मलाई स्पष्ट हुन लागेको छ। गुरु अर्थात् शिक्षकबाट प्राप्त शिक्षाले जीवन र जगत्तर्फ प्रवेश गर्ने सद्रुभविष्यको सत्मार्ग देखाउँछ। गौरी अर्थात् महिलाको मुख्य भूमिकालाई कसरी नकार्न सकिन्छ? सिर्जना, स्याहार-सम्भार र संरक्षण प्रदान गर्ने आमा प्रणम्य छिन्। पारिवारिक स्नेहको सञ्चार गर्ने दिदीबहिनी र पछि घरमा प्रवेश गर्ने सहधर्मिणी अर्थात् धर्मपत्नी पनि अवश्य नै स्तुत्य छिन्। गाई अर्थात् पशुपन्छीको पालन-पोषणले मानिसको अरू प्राणीको उपयोग र उपभोगका साथै त्यसप्रतिको सद्भावलाई प्रोत्साहित गर्दछ। पशुपन्छीको गोठ र गुँड, चरण र विचरण, दानापानीको व्यवस्थाले हाम्रो करेसाबारीदेखि खेती-खोलासम्म हामीलाई जोड्दछ। कृषि प्रधान नेपालको ग्रामीण भूगोलको यो सुन्दर पक्ष हो। गीत अर्थात् पारिवारिक वा छरछिमेकी सहितको मनोरञ्जन र भेटघाटले दिनभरिको थकान मेट्छ।

गाउँ-घरको समग्र संरक्षणलाई गगन, गिरि र गङ्गाको अनिवार्य आवश्यकता र यिनीहरूको अन्तरसम्बन्धको पाटो अझ महत्वपूर्ण छ। गगन अर्थात् आकाश, अन्तरिक्ष, वायुमण्डल र आफ्नो टाउकोमाथि देखिने र नदेखिने पौराणिक वाङ्मयदेखि आधुनिक वैज्ञानिक वाङ्मयमा प्रशस्तै चर्चा-परिचर्चा तथा अध्ययन-अनुसन्धान भई रहेकोले यो समग्र विश्वकै चासोको विषय हो। गिरि र गङ्गा अर्थात् पहाड र पानी नभएको भू-खण्ड पाइए पनि समग्र भू-मण्डलमा गगन (आकाश) नभएको स्थान पाइँदैन र 'अन्तरिक्ष शान्तिः' सनातन शान्ति प्रार्थनाको महत्वपूर्ण वाक्यांश हो। आज नागरिक उ यन, सामरिक उ यन, क्षेप्यास्त्र प्रक्षेपण, अन्तरिक्ष यात्रा, ओजोनको तह, उल्का र वज्रपातजस्ता विविध समस्याको जालोले गगन-मण्डल घेरिएको छ। हाम्रो गाउँघरको के कुरा सम्पूर्ण विश्व नै गगनले ढाकिएको हुँदा यसको संरक्षण विना हाम्रो जीवन र जगत् जोगिन सक्तैन।

गिरि अर्थात् बालुवा, ढुङ्गा, माटो, वन-जङ्गल समेत मिली अग्लो हुँदै गएको पहाड हुँदै हिमालको स्वरूप लिने अनुपम प्राकृतिक प्रस्तुति नै गिरिको समग्रता हो। यसको गर्भको खनिज सम्पदा, यसमा आश्रित वन-जङ्गल, पशु-पंक्षी, यसबाट निसृत जलसम्पदा र चुलिएको हिम टाकुराले यसलाई प्रकृतिको क्रीडा-स्थल बनाएकोले हिमाल सबैको आश्रयस्थल हो।

त्यस्तै गङ्गा अर्थात् जल हाम्रो जीवनको पर्यायवाची हो। हिमाल पारि वा वारिबाट उत्पन्न नेपाली नदीहरूको विशाल जलराशि भारतको गङ्गा नदीमा समाहित भई बङ्गालको खाडीमा मिसिएर समग्र समुद्र र संसारको सम्पत्ति बन्न पुग्छ।

मधेश, भित्री मधेश, पहाड, हिमाल र भोटका गाउँले जनजीवनको स्थायित्व नै नेपालको स्थायित्व हो। तर, विडम्बना मैले बालककालमा जन-कवि धर्मराज थापाको 'नेपालीले माया मार्‍यो बरिलै' जस्तो करूण गीत सुन्नुपरेको थियो भने अहिले आएर मीन बहादुर विष्टको 'साला पहाड मे क्या है' शीर्षक कविताको कटु यथार्थतालाई पनि स्वीकार गर्नुपरेको छ। गोपालप्रसाद रिमालले 'आमाको सपना' शीर्षक कवितामा गर्नुभएको परिकल्पनाले पूर्णता पाउने आशा मरिसक्यो तर कुनै स्रष्टाले 'आमाको बिग्रेको विपना' शीर्षकको साहित्यिक रचना सिर्जना गर्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन।

मेरो अन्तर्मनमा एउटा प्रश्न बारम्बार आइरहन्छ। के नेपाल साँच्चै 'दुई ढुङ्गाको बीचको तरूल' हो? सायद होइन कि? यथार्थमा हाम्रो देश 'दुई तरूल बीचको ढुङ्गा' हो। तरुलको धर्म विस्तार हो। ढुङ्गाको क्षय। उत्तर र दक्षिणतर्फका तरुलको विस्तार हुँदैछ भने हाम्रो देश नेपाल ढुङ्गाको, सुगौली-सन्धि पश्चात् क्षय भएको छ। बचेको ढुङ्गालाई जोगाउन धर्म, वर्ण, भाषा, भेषभन्दा माथि उठ्न ढिला नगरौँ। हामी नेपालीको मति र गति सपार्ने वा बिगार्ने हामी नै हौँ। त्यसैले सबै नेपाली एक हौँ। नेपाललाई यो गाह्रो-साह्रो परिस्थितिमा जोगाउनका लागि।

जीवनको आदिदेखि अन्त्यसम्म हामी प्रकृतिको काखमा आश्रित छौँ। यसैको काखमा दुःख-सुखमा रुन्छौँ-रमाउँछौँ। प्रकृतिले प्रतिशोध लिँदैन। प्रकृति सन्तुलित र सद्व्यवहारको पक्षमा हुन्छ र हामी आश्रितसँग त्यही अपेक्षा गर्छ। तर, प्रकृतिको यस अपेक्षाको उपेक्षा गर्दै जब हामी यसलाई भौतिक विकास र व्यापारको प्रयोगशाला बनाउँछौँ प्रकृतिले प्रलयलाई प्रश्रय दिन बाध्य हुन्छ। गत भदौ १० गतेको प्रलय यसैको अत्यन्तै नराम्रो प्रस्तुति हो। मैले भर्खरै निवेदन गरेँ- हिमालयको पारि र वारिबाट उत्पन्न हिमनदीबाट निसृत जलराशिको पर्यावरणमैत्री विकास र व्यवस्थापनको कुनै पनि विकल्प छैन। त्यसैले हिमालय पारिदेखि बङ्गालको खाडीसम्मको धरती माताको काखमा पर्ने देशहरू चीन, नेपाल, भारत, भुटान र बङ्गलादेशसँग कुनै विवाद नगरी विवेकपूर्ण व्यवहारबाट यसको दिगो र दरिलो समाधान खोज्नका लागि सुदीर्घकालीन भावी योजनाको नवनिर्माण गर्न नेपाललले ढिलो गर्नु हुँदैन। अन्यथा प्रलयको रूपमा बगेको नेपाल आमाको आँसु पुछिने छैन।

अन्त्यमा हाम्रो प्राचीन पर्व बडा दशैँको पहिलो दिन माँ दुर्गा भवानीको पाउमा प्रार्थना गर्दै पछिल्लो पुस्ताले प्राणको पर्वाह नगरी गत २०८२ सालको भदौ २३ गतेको युगान्तकारी विद्रोह पश्चात् जनमत अनुमोदित कार्यकारिणीले गाह्रो-साह्रो परिवेश, परिस्थितिको बिब्ल्याँटो व्यवहारसँग जुध्दै जीवनको आरोह र अवरोहमा उनीहरूभन्दा बढी माटो खाएका र भोटो फटाएका पाका र प्रौढ समुदायको पनि आवश्यकतानुसार सुझाव र सहयोग लिई यस विनाशको पुनरावृत्ति नहुने निकास खोज्न सफल हुनेछन् भन्ने आशा र विश्वासका साथ नेपालको मानिस र नेपालको माटो सम्बन्धी मेरो मन्तव्यलाई विश्राम दिन्छु। विजया दशमीको शुभकामना र धन्यवाद स्वीकार गर्नुहोस्।

(मदन पुरस्कार गुठीले २५ असोज २०८३ मा आयोजना गरेको जगदम्बा-श्री तथा मदन पुरस्कार २०८२ अर्पण समारोहमा चक्रवर्त्तीले दिएको विद्वत् प्रवचन।) नेपाल न्यूजबाट

चाडपर्वमा सरकारी ...

तस्करले बताए। उनले भने, सिरहामा न कहिले तस्करी रुकेको छ। न रुक्ने छ। चाहे जोसुकै गृहमन्त्री आएपनि तस्करि नियन्त्रण गर्न नसकिने उनको जिकिर छ। उनले थपे, देशमा जोसुकै गृहमन्त्री आए पनि सिरहामा तस्करी नियन्त्रण गर्न कठिन छ। उनका अनुसार इमानदार कर्मचारी आए पनि पैसा बुझाएपछि उनीहरूबाट नै सहजता पाउने प्रवृत्ति छ।

क्रसर व्यावसायिहरु पनि प्रति क्रसर कर्मचारीहरुको ओहदा अनुसार ५ हजार देखि ३० हजार रुपैयाँ, साना तस्करलेपनि ५ हजारदेखि ५० हजार रुपैयाँसम्म बुझाउने गरेको क्रसर व्यावसायिहरुको आरोप छ। मातहतका इलाका तथा अन्य तहमा समेत रकम दिने गरेको उनिहरुको दाबी छ। सिरहामा नवीकरण भएका तथा नभएका गरी करिब १३ वटा क्रसर व्यवसायीहरु छन् भने दर्ताबिनै ग्राभेल उत्खनन गर्ने करिब १० जना, ठूला तस्कर करिब ९० जना र साइकल तथा मोटरसाइकलमार्फत सामान ओसारपसार गर्ने करिब ५० जना रहेको स्रोतको दाबी छ। यी समूहबाट चाडपर्वका नाममा लाखौं रुपैयाँ उठ्ने गरेको स्रोतको भनाइ छ।

एक क्रसर व्यवसायीले नाम नखोल्ने सर्तमा भने दशैंका बेला रकम बुझाउनुको मुख्य उद्देश्य अवैध उत्खनन तथा क्रसर सञ्चालनमा 'कानुनी अड्चन' नआओस् भन्ने हो। कुनै न कुनै बहानामा अतिरिक्त रकम नबुझाए विभिन्न किसिमको अबरोधहरुहुने गरेको उनको भनाइ छ। त्यस्तै, एक तस्करले पनि आफ्नो रुटमा सहजता र सुरक्षा सुनिश्चित गर्न प्रहरी तथा सशस्त्र प्रहरीका सम्बन्धित अधिकारीलाई रकम बुझाउनुपर्ने दाबी गरेका छन्।

नेपाल पत्रकार महासंघका निवर्तमान केन्द्रीय सदस्य देवकुमार यादवले चाडपर्वको नाममा सरकारी अधिकारीलाई रकम बुझाउने प्रथा सत्य भए त्यसले विधिको शासनमै गम्भीर असर पार्ने बताए। यद्यपि आरोपित सरकारी अधिकारीहरूले भने रकम लिएको आरोप अस्वीकार गरेका छन्। जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारीसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्कमै आउन सकेनन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका सुचना अधिकारी डिएसपी रमेश बहादुर पाललाइ दशैको मुखमा ब्यापक तस्करी भइरहेको छ वास्तविक के हो? भने जिज्ञासा्मा जिल्लामा तस्करी भएको मैले कसरि भने तपाईहरु खोजनुस अनि बुझेर समाचार लुख्नुस भन्दै पन्छिए। पुनः तपाईको मातहतका प्रहरि चौकीहरुमा तस्करहरुले दशै भेटी दिने गरेको आरोप छ नि? भन्ने प्रश्नमा डिएसपी पाललले भने, कसले कसलाई दिएको हो वा कहाँ पुगेन त्यो मलाई जानकारी भएन तर तस्करी हाम्रो नजरमा शुन्य छ न्न भन्दै सम्पर्कमा आउन चाहेनन्।

नेपाली संस्कृतिमा मान्यजनलाई ढोगेर दक्षिणा वा उपहार दिने चलन छ। तर, यसैको आडमा सरकारी कार्यालयहरूमा काम छिटो गराउन वा स्वार्थ सिद्ध गर्न कर्मचारीलाई उपहारको नाममा अबैध रकम दिने प्रवृत्ति बढेको स्थानीयहरुको भनाइ छ।

नवरात्रिका नौ दिन कुन देवीको पूजा, कुन शक्तिपीठमा मेला ?

नारायण किलम्बू

काठमाडौं। आइतबारदेखि बडादशैँ सुरु भएको छ। दशैँको पहिलो दिन आइतबार घटस्थापना गरिएको छ। घटस्थापना अर्थात् घरघरमा जमरा राखी वैदिक विधिपूर्वक नवदुर्गाको पूजा आराधना गर्ने दिन। आइतबार बिहानै नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दशैँघरमा विधिपूर्वक घट अर्थात् घैँटो स्थापना गरी जौ, मकै र गहुँको जमरा छरिएको छ। यही जमरा विजयादशमीका दिन टीकासँगै सिउरिने गरिन्छ।

आइतबारदेखि नौ दिनसम्म विभिन्न शक्तिपीठमा पूजाअर्चना, दुर्गा स्तोत्र र चण्डीपाठ गरी नवदुर्गाको आराधना गर्ने गरिन्छ। नवरात्रिमा पुजिने यी नवदुर्गा को को हुन् त ? अनि काठमाडौँका कुन-कुन शक्तिपीठमा पूजा हुन्छ त ?

पहिलो दिन घटस्थापना : शैलपुत्रीको पूजा

दशैँको पहिलो दिन, घटस्थापना। घरघरमा जमरा राखेर र कलश स्थापना गरी देवी दुर्गाको आह्वानसँगै बडादशैँको विधिवत् सुरुवात गरिन्छ। दशैँघर तथा पूजाकोठामा जौ, मकैजस्ता अन्न छरेर जमरा उमार्ने परम्परा छ। काठमाडौँको हनुमानढोका दरबारस्थित दशैँघरमा पनि विधिपूर्वक जमरा राखिन्छ। घटस्थापनादेखि नवमीसम्म दुर्गा भवानीको पूजा-आराधना, प्रार्थना र दुर्गासप्तशती अर्थात् चण्डीपाठ गरिन्छ। यही नौ दिनलाई नवरात्रि भनिन्छ। नवरात्रिको पहिलो दिन नवदुर्गाको पहिलो स्वरूप शैलपुत्रीको पूजा गरिन्छ। शैलपुत्रीलाई हिमालयकी पुत्री पार्वतीकै एक स्वरूप मानिन्छ। शक्ति, सौभाग्य र समृद्धिकी प्रतीकका रूपमा उनको आराधना गर्ने धार्मिक विश्वास छ। यस दिन काठमाडौँको शङ्खमूलस्थित चामुण्डा भगवती मन्दिरमा मेला लाग्छ।

दोस्रो दिन : ब्रह्मचारिणी देवीको पूजा

नवरात्रिको दोस्रो दिन ब्रह्मचारिणी देवीको पूजा गरिन्छ। तपस्या, साधना, ज्ञान र विवेककी प्रतीक ब्रह्मचारिणीलाई भगवान् शिवलाई पतिका रूपमा प्राप्त गर्न कठोर तपस्या गर्ने देवीका रूपमा धार्मिक ग्रन्थमा वर्णन गरिएको छ। यस दिन काठमाडौँको विष्णुमती नदी किनारस्थित शोभा भगवती मन्दिरमा मेला लाग्छ। दुःखबाट मुक्ति, शान्ति र कल्याणको कामना गर्दै भक्तजनले भगवतीको पूजा-आराधना गर्छन्।

तेस्रो दिन : चन्द्रघण्टाको उपासना

तेस्रो दिन नवदुर्गाको तेस्रो स्वरूप चन्द्रघण्टाको उपासना गरिन्छ। चन्द्रघण्टालाई साहस, शक्ति र दुष्ट शक्तिको विनाश गर्ने देवीका रूपमा लिइन्छ। महिषासुरसँगको युद्धमा देवताहरूलाई अभय प्रदान गर्ने देवीका रूपमा समेत उनको महिमा वर्णन गरिएको छ। चन्द्रघण्टाको आराधना गर्दा भय र कष्टबाट मुक्ति मिल्ने धार्मिक विश्वास छ। यस दिन गोकर्णको रुद्रायणी मन्दिरमा ठूलो मेला लाग्छ।

चौथो दिन : कुष्माण्डा देवीको पूजा

नवरात्रिको चौथो दिन कुष्माण्डा देवीको पूजा गरिन्छ। ब्रह्माण्डको सृष्टिसँग जोडिएकी देवी कुष्माण्डालाई सूर्यजस्तै तेजस्वी र अष्टभुजा स्वरूपमा वर्णन गरिएको छ। उनका आठ हातमा कमण्डलु, धनुष, बाण, कमल, अमृतपूर्ण कलश, चक्र, गदा र जपमाला रहेको धार्मिक मान्यता छ। कुष्माण्डा देवीको पूजा गर्दा आयु, यश, बल र आरोग्य प्राप्त हुने विश्वास गरिन्छ। यस दिन काठमाडौँको कालिकास्थानस्थित कुष्माण्डा देवीको मन्दिर र कालमोचन घाट थापाथलीको डोला अजिमामा पनि मेला लाग्छ। यस देवीको पूजामा कुभिण्डोको बलि दिने परम्परासमेत छ।

पाँचौं दिन : स्कन्दमाताको पूजा

पाँचौं दिन स्कन्दमाताको पूजा गरिन्छ। काखमा बालक स्कन्दलाई राखेकी मातृस्वरूपा देवीलाई स्नेह, ममता र वात्सल्यकी प्रतीक मानिन्छ। स्कन्दमाताको आराधना गर्दा पारिवारिक प्रेम र सम्बन्ध सुमधुर हुने विश्वास गरिन्छ। यस दिन काठमाडौँको पचली भैरवमा रहेको भवानीको मन्दिरमा मेला लाग्छ छ। यसै दिन गुहेश्वरी मन्दिरमा पनि मेला लाग्छ।

छैटौँ दिन : कात्यायनी भगवतीको पूजा

नवरात्रिको छैटौँ दिन कात्यायनी भगवतीको पूजा-आराधना गरिन्छ। कात्यायन ऋषिको तपस्याबाट प्रसन्न भई उनकी पुत्रीका रूपमा प्रकट भएकी देवी भएकाले उनको नाम कात्यायनी रहन गएको पौराणिक मान्यता छ। महिषासुरको वध गर्ने देवीका रूपमा समेत कात्यायनीको महिमा वर्णन गरिएको छ। उनलाई साहस, पराक्रम र दुष्ट शक्तिमाथि विजयको प्रतीक मानिन्छ। कात्यायनीको पूजा गर्दा रोग, शोक, भय र दुःखबाट मुक्ति मिल्ने धार्मिक विश्वास छ। यस दिन काठमाडौँको दरबार क्षेत्रमा रहेको श्वेतकाली मन्दिरमा मेला लाग्छ। यसैगरी टोखाको इण्द्रायणी मन्दिरमा पनि मेला लाग्छ।

सातौँ दिन : कालरात्रि देवीको पूजा, फूलपाती भित्र्याउने दिन

सातौँ दिन कालरात्रि देवीको पूजा गरिन्छ। कालरात्रि नवदुर्गाको उग्र र शक्तिशाली स्वरूप हो। दुष्ट, दानव र आसुरी शक्तिको विनाश गर्ने देवीका रूपमा उनको आराधना गरिन्छ। कालरात्रिको उपासनाले भय र नकारात्मक शक्तिबाट रक्षा हुने धार्मिक विश्वास छ। यस दिन पशुपतिमा रहेको वच्छलादेवी मन्दिरमा मेला लाग्छ। यसै दिन फूलपाती भित्र्याउने परम्परा पनि छ। नेपालीहरूको घरघरमा फूलपाती भित्र्याएर दशैँको विशेष उत्सव मनाइन्छ। नेपाल एकीकरण भएदेखि नै गोरखाबाट ल्याइएको फूलपाती काठमाडौँको हनुमानढोका दरबारस्थित दशैँघरमा भित्र्याउने परम्परा रहँदै आएको छ।

गोरखाबाट धादिङको जीवनपुरसम्म दशैँघरका पुजारीसहित मगर समुदायका छ जना पुजारीले फूलपाती ल्याइन्छ **-बाँकी अन्तिम पेजमा**

सरकारी बेवास्ताले ...

आईसीयूबाट हटाएर महेशलाई उपलब्ध गराउन नसकिने अवस्था रहेको भन्दै प्रशासनले सबै बिरामीको जीवन समान महत्वको हुने तर्क गरेको छ। एउटा बिरामीलाई बचाउन अर्को बिरामीको जीवन जोखिममा पार्न नसकिने भएकाले अन्यत्र उपचारका लागि जान सल्लाह दिइएको अस्पतालको स्पष्टीकरण छ।

सरकारको बेवास्ता थलिँदै अस्पताल

स्थानीय बुद्धिजीवीहरूको बुझाइमा प्रादेशिक अस्पताल विवादमा तानिनुको प्रमुख कारण संघीय र प्रदेश सरकार रहेको छ। संघीय सरकार र मधेश प्रदेश सरकारको स्वास्थ्य क्षेत्रप्रतिको बेवास्ता हो। धनुषा, महोत्तरी, सिरहा र सर्लाहीसहित विभिन्न जिल्लाका बिरामीको चाप धान्दै आएको अस्पतालमा जम्मा १० वटा आईसीयू बेड मात्र छन्। प्रदेश सरकार स्थापना भएको आठ वर्षभन्दा बढी समय बितिसक्दा पनि अस्पतालमा एउटा पनि आईसीयू बेड थप हुन नसकेको छैन भने संघीय सरकार समेतले बजेट व्यवस्थापन गर्न आजसम्म गरेका छैनन।

अस्पतालका निर्देशक डा. जामुन सिंहका अनुसार बिरामीको चापलाई ध्यानमा राख्दा कम्तीमा ५० वटा आईसीयू बेड आवश्यक छन्। दैनिक एक सयदेखि डेढ सयसम्म सिकिस्त तथा गम्भीर प्रकृतिका बिरामी आउने गरे पनि आईसीयू अभावमा कतिपयलाई अन्यत्र रेफर गर्नुपर्ने वा उपलब्ध अवस्थामै सावधानीपूर्वक उपचार गर्नुपर्ने बाध्यता रहेको उनले बताए। अस्पतालको सेवा प्रवाहमा बिरामीको चाप अत्यधिक छ। दैनिक करिब तीन सय बिरामी इमर्जेन्सी र एक हजार पाँच सयभन्दा बढी बिरामी ओपीडी सेवाका लागि आउने गरेका छन्। यति धेरै बिरामीको उपचार सीमित स्रोतसाधन र उपकरणका भरमा गर्नुपरेको निर्देशक सिंहको भनाइ छ।

प्रदेश सरकारले प्रतिष्ठानलाई बजेट उपलब्ध गराएपनि संघीय सरकारले अन्य प्रतिष्ठानलाई २/३ अर्ब नै बजेट उपलब्ध गराउँदै आएकोमा यस प्रतिष्ठानलाई प्रदेश सरकार स्थापना भएदेखि एक सुकोपनि बजेट उपलब्ध गराएको छैन। सर्पदंश घटनापछि प्रतिनिधि सभा सदस्य मनिष झाले अस्पताल बारे नालायकीपन भन्ने शब्द प्रयोगसहित राखेको धारणाको कडा आलोचना भइरहेको छ। संघीय सरकार मातहतको अस्पताल प्रादेशिक अस्पतालभन्दा पनि दयनीय रहेको टिकाटिप्पणी भइरहेको छ। मधेशप्रति हेर्ने संघीय सरकार र सांसदको दृष्टिकोण नै विभेदकारी रहेको भन्ने आलोचना सामाजिक सञ्जालमा भइरहेको छ।

८ सय बेडको आवश्यकता

२०४८ सालमा एक सय बेडको स्वीकृति पाएको प्रादेशिक अस्पतालको प्रदेश सरकारबाट अपेक्षित स्तरोन्नति र नयाँ दरबन्दीसमेत स्वीकृत भएको छैन। यद्यपि, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान गठन भएपछि अस्पतालमा केही सुधार आएको दाबी गरिएको छ।

निर्देशक सिंहका अनुसार एक सय बेडको स्वीकृति भए पनि प्रतिष्ठानको सहयोगमा हाल ३९० बेड सञ्चालनमा छन्। आन्तरिक स्रोतबाट जेनतेन जनशक्ति र अन्य व्यवस्थापन गर्दै आएको अस्पताललाई दैनिक १५ सयभन्दा बढी बिरामीको चाप धान्न कम्तीमा ८०० बेड आवश्यक रहेको उनले बताए। बिरामीको चापअनुसार प्रदेश सरकारले थप जनशक्ति व्यवस्थापनका लागि पर्याप्त बजेट उपलब्ध नगराउँदा समस्या थपिएको छ। बिरामीबाट लिइने न्यून शुल्क र प्रदेश सरकारबाट प्राप्त रकममध्ये प्रतिष्ठानले गर्ने सहयोगका आधारमा अस्पताल सञ्चालनको प्रयास भइरहेको छ।

थप २० आईसीयू बेड सञ्चालनको तयारी

संघीय र प्रदेश सरकार मध्ये कसैले पनि सहयोग नगरेपछि बिरामीको चापको तनावले प्रतिष्ठानको सहयोग र अस्पतालको आफ्नै स्रोतबाट थप २० वटा आईसीयू बेड निर्माण भइरहेको निर्देशक सिंहले जानकारी दिए। उनका अनुसार आईसीयूका लागि आवश्यक पूर्वाधार तयार भइसकेको छ भने उपकरण आउन बाँकी छ। सिन प्राप्त भएपछि जडान गरी सेवा सञ्चालनमा ल्याइनेछ। थप बेड सञ्चालनमा आएपछि आईसीयू अभावको समस्या केही हदसम्म समाधान हुने उनको भनाइ छ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार डा. विनोद यादवले पनि आईसीयू बेड, उपकरण तथा जनशक्ति थप गर्न प्रदेश सरकारसँग पटकपटक लिखित र मौखिक रूपमा माग गर्दा पनि अपेक्षित चासो नदेखाइएको बताए। प्रदेश सरकारले चासो नलिएपछि प्रतिष्ठान र अस्पताल आफैँले थप आईसीयू बेड सञ्चालनको तयारी अघि बढाएको उनको भनाइ छ। डा. यादवका अनुसार आईसीयू सञ्चालनमा उपकरणसँगै दक्ष जनशक्तिको अभाव पनि उत्तिकै गम्भीर छ। एउटा आईसीयू बेडका लागि कम्तीमा चार जना नर्स आवश्यक पर्ने भए पनि ४० जना नर्स हुनुपर्ने अवस्थामा जम्मा १६ जना नर्सले १० वटा आईसीयू बेड सञ्चालन गर्नुपरेको छ।

सर्पदंश उपचारमा उपलब्धि, जटिल बिरामीमा चुनौती

अस्पतालको विवरणअनुसार आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ मा सर्पदंशका कारण भर्ना भएका कुल एक हजार ७५३ बिरामीमध्ये १० जनाको मृत्यु भएको छ। आर्थिक वर्ष २०८१/८२ मा सर्पदंशका ८२० बिरामी भर्ना भएका थिए। तीमध्ये ५७ जनालाई एएसभी दिइएको थियो। एएसभी प्राप्त गर्ने बिरामीमध्ये ४८ जना निको भएका, तीन जना अन्यत्र उपचारका लागि गएका र छ जनाको मृत्यु भएको अस्पताललले जनाएको छ।

त्यस्तै, आर्थिक वर्ष २०८२/८३ मा ९५३ जना सर्पदंशका बिरामी भर्ना भएका थिए। तीमध्ये ७१ जनालाई एएसभी दिएर उपचार गरिएको थियो। अस्पतालका अनुसार ६६ जना निको भएर घर फर्किएका, एक जना अन्यत्र गएका र चार जनाको मृत्यु भएको थियो। उक्त अवधिमा उपचारका लागि एक हजार २८७ भाइल एएसभी प्रयोग भएको विवरणमा उल्लेख छ। निर्देशक सिंहका अनुसार विगतमा एएसभीको अभाव देखिए पनि पछिल्ला वर्षमा संघीय सरकारबाट पर्याप्त औषधि प्राप्त भइरहेको छ। अहिले सर्पदंशसहित अन्य गम्भीर प्रकृतिका बिरामीको उपचारमा मुख्य समस्या आईसीयू बेड, उपकरण र दक्ष जनशक्तिको अभाव रहेको उनले बताए।

नगरप्रमुख...

आज नगरप्रमुख महेशप्रसाद चौधरी र वडाध्यक्ष रामऔतार शर्माले धार्मिक विधिबाट पूजा गरेर उद्घाटन गर्नुभयो। लहान नगरपालिकाको सहरी र ग्रमीण क्षेत्रलाई धार्मिक पर्यटनको रुपमा विकास गर्न मन्दिर निर्माण गरिएको नगरप्रमुख चौधरीले बताउनुभयो।

डेढ किलो सुन जम्मा रहेको यस मन्दिरको नाममा ट्रष्ट गठन गरेर मानव सेवाको लागि समेत कार्य गरिने मेला समितिको संयोजक विजय गुप्ताले बताउनुभयो। गत वर्षदेखिको आम्दानी नेपाल बैंक लिमिटेडका खाता सञ्चालन गरिएर एक वर्षमा संकलन गरिएको सात लाख रकम र तीन तौला सुन जम्मा भएको उहाँले बताउनुभयो।

नवरात्रिका नौ ...

र जीवनपुरदेखि काठमाडौंको जमलसम्म काठमाडौंका ब्राह्मण पुजारीले ल्याउने परम्परा छ फूलपातीको दिन काठमाडौंको शोभा भगवती मन्दिरमा पनि मेला लाग्छ।

आठौँ दिन : महाअष्टमीमा महाकाली, महालक्ष्मी र महादुर्गालगायत देवीको विशेष पूजा

नवरात्रिको आठौँ दिन महाअष्टमी। यस दिन महाकाली, महालक्ष्मी र महादुर्गालगायत देवीका विभिन्न स्वरूपको विशेष पूजा-आराधना गरिन्छ। महिषासुरमाथि देवीले विजय प्राप्त गरेको धार्मिक मान्यतासँग जोडिएको यस दिन दुर्गा भवानीको शक्तिको प्रतीकका रूपमा बलिपूजा गर्ने परम्परा पनि छ। घरघरका दशैँघर, पूजाकोठा र मन्दिरमा विशेष विधिपूर्वक पूजा गरिन्छ। यस दिन काठमाडौंको दक्षिणकालीस्थित दक्षिणकाली मन्दिर तथा रक्तकाली मन्दिरमा भक्तजनको घुइँचो लाग्ने गर्छ।

नवौँ दिन : महानवमीमा नवदुर्गाको अन्तिम स्वरूप सिद्धिदात्रीको पूजा

नवरात्रिको नवौँ दिन महानवमी। यस दिन नवदुर्गाको अन्तिम स्वरूप सिद्धिदात्रीको पूजा-आराधना गरिन्छ। सिद्धि अर्थात् विशेष शक्ति र सफलता प्रदान गर्ने देवीका रूपमा सिद्धिदात्रीको उपासना गरिन्छ। विधिपूर्वक देवीको आराधना गर्दा मनोकामना पूरा हुने र सिद्धि प्राप्त हुने धार्मिक विश्वास छ।

दशौँ दिन : विजया दशमी

नवरात्रिका नौ दिन देवीका विभिन्न स्वरूपको पूजा-आराधना गरेपछि आउँछ, विजयादशमी अर्थात् बडादशैंको मुख्य दिन। यस दिन मान्यजनबाट टीका, जमरा र आशीर्वाद ग्रहण गरी दशैं मनाइन्छ। भगवान् श्रीरामले रावणमाथि र देवी दुर्गाले महिषासुरमाथि विजय प्राप्त गरेको धार्मिक मान्यतासँग जोडिएको विजयादशमीलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीक मानिन्छ। मान्यजनबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्दा सुख, शान्ति, समृद्धि र दीर्घायु प्राप्त हुने जनविश्वास छ। परिवारका सदस्यसँगै आफन्त र कुलकुटुम्ब कहाँ पुगेर टीका लगाउने र आशीर्वाद लिने परम्परा छ। टीका लगाउने क्रम कोजाग्रत पूर्णिमासम्म पाँच दिन चल्छ भने नेपालका केही स्थानमा विजयादशमीका दिन मात्रै टीका लगाउने चलन पनि छ।

दसैँमा बजेन ढोल, सङ्कटमा परम्परा र जीविका



धीरेन्द्रप्रसाद साह

राजविराज, २५ असोज। आइतबार घरघरमा घटस्थापना गरी बडादसैँको सुरुआत गरिरहँदा कुनै समय गाउँबस्तीमा पर्वको आगमनको सन्देश दिने ढोल (नगरा) को आवाज सुनिन छाडेको छ। दसैँको नवरात्रभरि बिहान-साँझ घरदैलोमा ढोल बजाउने परम्परा हराउँदै जाँदा मधेसको सांस्कृतिक पहिचानसँगै राम (चमार) समुदायको पुख्र्यौली सीप र आम्दानीको स्रोतसमेत सङ्कटमा परेको छ।

एक समय घटस्थापनादेखि दशमीसम्म गाउँमा ढोल बजाउँदै हिँड्ने चलन थियो। ढोलको तालले दसैँ आएको सन्देश दिनुका साथै गाउँबस्तीमा उत्साह र चहलपहल बढाउँथ्यो। बालबालिका ढोलको तालमा रमाउने र स्थानीयवासीले ढोल बजाउनेलाई दक्षिणास्वरूप धान, चामल, दाल, आलु, तेल, नगद तथा लत्ताकपडा दिने गर्थे। यसरी संकलन भएको अन्नपात र अन्य सामग्रीले राम समुदायका परिवारलाई वर्षभरि जीविकोपार्जन गर्न सहयोग पुग्ने गरेको थियो।

स्थानीय ९० वर्षीय सीताबीप्रसाद साहका अनुसार पहिले दसैँमा ढोल बजाएर संकलन गरिएको अन्नपात बोरामा भरेर गोरुगाडा वा साइकलमा घर लैजाने गरिन्थ्यो। "पहिले दसैँमा ढोल बजाएर धान, चामल, आलु र तेल जम्मा गर्दा परिवारलाई वर्षभरि खान पुग्थ्यो। अहिले त्यो चलन हराइसक्यो," उहाँले भन्नुभयो।

स्थानीयका अनुसार करिब दुई दशकयता दसैँमा ढोल बजाउने परम्परा कमजोर हुँदै गएको छ। दलित समुदायको अधिकार र आत्मसम्मानका पक्षमा भएका आन्दोलनपछि ढोल बजाउने पुख्र्यौली पेसालाई लिएर समुदायभित्रै फरक धारणा रहेको उनीहरूको भनाइ छ। ढोल बजाउने कामलाई कथित अछुतो पेसाका रूपमा हेरिने सामाजिक सोचको विरोध गर्ने क्रममा कतिपय स्थानमा यो परम्परा रोकिएको बताइएको छ।

राजविराजका लक्ष्मण रामले यस वर्ष पनि दसैँमा ढोल बजाउने तयारी गरे पनि सामाजिक बहिष्कारको चेतावनीका कारण पछि हट्नुपरेको बताउनुभयो। उहाँका अनुसार जातीय अगुवाहरूले घरमै आएर ढोल बजाए सामाजिक बहिष्कार गर्ने चेतावनी दिएपछि परम्परालाई निरन्तरता दिन नसकिएको हो। यसै कारण करिब दुई दशकयता देखि दसैँमा ढोल बजाउन छोडेको छु, उहाँले भन्नुभयो।

सामाजिक विभेदबाट मुक्ति र सम्मानजनक जीवनको चाहना स्वाभाविक भए पनि परम्परागत पेसा छाड्नुपर्ने अवस्था आउँदा त्यसको विकल्पमा अर्को आम्दानीको स्रोत तयार हुन नसकेको स्थानीयको गुनासो छ। यसले सांस्कृतिक परम्परासँगै समुदायको आर्थिक अवस्थामासमेत असर पारेको उनीहरूको भनाइ छ।

आम्दानीको स्रोत गुम्दै

पहिले दसैँका १० दिन ढोल बजाएर प्राप्त हुने अन्न, नगद र अन्य सामग्रीले पाँच सदस्यीय एक परिवारको वर्षभरिको गर्जो टार्न सहयोग पुग्थ्यो। अहिले त्यो स्रोत बन्द हुँदा समुदायका परिवार वैकल्पिक रोजगारीको खोजीमा लाग्न बाध्य भएका छन्। राम समुदायका अगुवा मुनेश्वर रामका अनुसार नयाँ पुस्ता अध्ययन तथा रोजगारीका लागि कतार, मलेसिया र भारतलगायतका स्थानमा जान थालेपछि ढोल बजाउने सीप हस्तान्तरणको क्रम पनि घटेको छ। पुरानो पुस्ता उमेरका कारण सक्रिय हुन नसक्ने र नयाँ पुस्ताले यो सीप नसिक्दा परम्परा निरन्तरता पाउनेमा चुनौती थपिएको उहाँले बताउनुभयो।

सांस्कृतिक पहिचान जोगाउने संकट

दशैँमा ढोल नबज्दा आम्दानीको स्रोत मात्र नभई पर्वसँग जोडिएको सांस्कृतिक रौनकसमेत हराउँदै गएको स्थानीय हरिया रामको भनाइ छ। उहाँले पहिले नवरात्रमा ढोलको आवाज सुन्ने र त्यससँगै गाउँमा दशैंको माहोल बन्ने गरेको स्मरण गर्नुभयो। अहिले पर्व मनाइए पनि ढोलको तालबिनाको दशैंले पुरानो सांस्कृतिक अनुभूति दिन नसकेको उहाँको भनाइ छ।

मधेश प्रज्ञा प्रतिष्ठानका सदस्य दिनेशकुमार यादवले ढोल बजाउने परम्परालाई कथित अछुतो कामका रूपमा हेर्ने सोच त्यागेर सांस्कृतिक सम्पदाका रूपमा संरक्षण गर्नुपर्ने बताउनुभयो। राज्य तथा स्थानीय तहले सम्बन्धित समुदायको सम्मान सुनिश्चित गर्दै सांस्कृतिक प्रोत्साहन र आर्थिक सहयोगका कार्यक्रम ल्याउन सके परम्परालाई जोगाउन सकिने उहाँको सुझाव छ।

दशैंको घटस्थापनासँगै गाउँबस्तीमा गुञ्जिनुपर्ने ढोलको आवाज हराउँदै जानु सांस्कृतिक परिवर्तनसँगै पुस्तौँदेखिको सीप र त्यसमा आश्रित परिवारको जीविका संकटमा परेको हो। परम्पराको संरक्षणसँगै समुदायको आत्मसम्मान, सामाजिक समानता र वैकल्पिक रोजगारीलाई प्राथमिकता दिन सके मात्र ढोल बजाउने परम्परालाई नयाँ पुस्तासम्म पुऱ्याउन सकिन्छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : मार्गानुगामी दैनिक **कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)